नेपाल सरकार
# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
(प्रशासन शाखा)

पत्र सँख्या: २०७६/७७
चलानी नं: ९०४६

सिंहदरबार, काठमाण्डौ

मितिः २०७७/०३/०४

श्री पर्यटन विभाग, भृकुटी मण्डप, काठमाडौं ।
श्री पुरातत्व विभाग, रामशाहपथ ,काठमाडौं ।
श्री राष्ट्रिय अभिलेखालय, रामशाहपथ काठमाडौं ।
श्री पाटन संग्रहालय विकास समिति, ललितपुर ।
श्री राष्ट्रिय संग्रहालय, छाउनी, काठमाडौ ।
श्री प्रतिलिपी अधिकार रजिष्ट्रारको कर्यालय,कालिकास्थान, काठमाडौ।
श्री नारायणहिटि दरबार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा संचालन विकास समिति,काठमाडौ ।
श्री स्मारक संरक्षण दरबार हेरचाह अड्डा, भक्तपुर।
श्री हनुमानढोका दरबार संग्रहालय विकास समिति, काठमाडौ ।
श्री राष्ट्रिय धातु संग्रहालय ललितपुर ।
श्री राष्ट्रिय मुद्रा संग्रहालय छाउनी, काठमाडौ ।
श्री हनुमान ढोका दरबार हेरचाह अड्डा, काठमाडौ ।

विषयः कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको च.नं.६५९८ मिति २०७७/०३/०१ को प्राप्त पत्रानुसार मन्त्रिपरिषदको मिति २०७७/०२/२८ को निर्णयानुसार मिति २०७७/०३/०१ देखि सरकारी कार्यालयहरुलाई दुई सिफ्टमा संचालन गर्ने भनि पत्राचार भएको हुँदा सो बमोजिम कार्यान्वयन गराउनु हुन आदेशानुसार अनुरोध छ ।साथै प्राप्त पत्रको छायाँकपि समेत यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

२०७७/०३/०४
(प्रविनहाङ योङहाङ)
शाखा अधिकृत

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रशासन शाखा)

Visit Nepal 2020 Lifetime Experience

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७६-७७
च.नं. : प्र./३११/ ६८५८

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
दर्ता नं. ४४१८
मिति २०७७।०३।०१

मितिः २०७७।०३।०१

प्रशासन म.शा.

विषयः कार्यालय सञ्चालन सम्बन्धमा ।

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
सिंहदरबार ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०२।२८ को निर्णयबमोजिम २०७७ असार १ देखि सरकारी कार्यालयहरुलाई दुई सिफ्टमा सञ्चालन गर्ने सम्बन्धमा यस कार्यालयका सचिवज्यूको अध्यक्षतामा सबै मन्त्रालयका प्रशासन हेर्ने सहसचिवहरुज्यूको उपस्थितिमा बसेको बैठकबाट देहाय बमोजिम व्यवस्था गरी कार्यालय सञ्चालन गर्ने निर्णय भएको हुँदा जानकारी एवं कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ ।

निम्नः

- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/२/२८ को निर्णय बमोजिम २०७७/०३/०१ देखि सबै सरकारी कार्यालयहरु पहिलो सिफ्ट बिहान ८ देखि १ बजे सम्म र दोस्रो सिफ्ट १ बजे देखि ६ बजे सम्म गरी दुई सिफ्टमा सञ्चालन गर्ने,
- सम्वन्धित मन्त्रालय एवम् कार्यालयले जनस्वास्थ्य र सुरक्षा मापदण्डका आधारमा आवश्यक प्रोटोकल बनाई लागू गर्ने । कार्यालय प्रमुखले कर्मचारी कार्यकक्षमा रहँदा पालना गर्नुपर्ने भौतिक तथा सामाजिक दूरीका साथै जनस्वास्थ्य तथा सुरक्षासम्बन्धी प्रोटोकल पालना गर्ने गराउने,
- कार्यालयमा आउने सेवाग्राहीले पालना गर्नुपर्ने स्वास्थ्यसम्वन्धी प्रोटोकल सबैले बुझ्ने भाषामा कार्यालयको प्रवेश विन्दुमा सबैले स्पष्ट देखे गरी राखे,
- कर्मचारीका लागि कार्यालयमा रहँदा आवश्यक पर्ने न्यूनतम स्वास्थ्य सामग्री (मास्क, सेनिटाईजर आदि) को व्यवस्था मिलाउने,
- कार्यालय परिसरमा प्रवेश गर्ने कर्मचारी तथा सेवाग्राहीलाई साबुन पानीले हातधुने व्यवस्था मिलाउने,
- कार्यालयको नियमित सरसफाई, शौचालयको पूर्ण सरसफाई लगायत समग्र सरसफाइको व्यवस्था गर्ने,
- सवारी साधनको उपलव्धता र सम्बन्धित कर्मचारीलाई कार्यालय आउन लाग्ने समय समेतलाई विश्लेषण गरी कर्मचारीको आवश्यक व्यवस्था मिलाउने,
- कार्यालयवाट प्रवाह गरिने सेवामा सूचना प्रविधिको प्रयोगलाई अधिकतम् उपयोग गर्ने, कार्यालयको वेब साईट अध्यावधिक गर्ने कार्यालयवाट प्रवाह गरिने सेवा सम्बन्धी विस्तृत जानकारी SMS, ईमेल आदिको माध्यमवाट संप्रेषण गर्ने,

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रशासन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७६-७७
च.नं. : प्र./३११/८८५८

- अधिक चाप हुने कार्यालयमा सेवाग्राहीको भीडभाडलाई व्यवस्थापन गरी कार्यालय सञ्चालन गर्ने सेवाग्राहीलाई कार्यालयमै आउनु पर्ने बाध्यतालाई कम गर्ने व्यवस्था मिलाउने, सेवा प्रवाह गर्दा कार्यालय प्रमुखले आवश्यकता अनुसार सेवाग्राहीको कोटा निर्धारण गर्न सक्ने,
- सिंहदरबार भित्रका मन्त्रालय एवं निकायहरुबीच सूचना प्रविधिको माध्यमबाट Virtual Meeting को व्यवस्था लागू गर्ने प्रक्रिया अगाडि बढाउन संचार तथा सूचना प्रविधि मन्त्रालयले कार्यारम्भ गर्ने,
- हाल प्रयोगमा रहेको Office Automation System लाई थप प्रभावकारी बनाइ सबै मन्त्रालयहरुबीच Online को माध्यमबाट यथाशीघ्र पत्रव्यवहारको व्यवस्था संचार तथा सूचना प्रविधि मन्त्रालयले मिलाउने,
- कर्मचारी आवतजावतका लागि सिंहदरबारमा प्रयोगमा रहेको एकिकृत परिवहनलाई सुरक्षा मापदण्ड पालन गरी सञ्चालन गर्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरोकारवाला मन्त्रालयसंग समन्वय गरी आवश्यक प्रक्रिया अगाडि बढाउने,
- उल्लेखित व्यवस्था कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयले मातहतका विभाग र अन्तर्गत कार्यालयलाई आवश्यक निर्देशन गर्ने ।

(बिष्णुप्रसाद घिमिरे)
उपसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल